# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७७/०७८
च. न. १६९२

मिति: २०७७।११।०४

**सूचना!** **सूचना!!** **सूचना !!!**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गरी संवैधानिक हक अन्तर्गत रोजगारीको हक सुनिश्चत गर्न प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना भई कार्यक्रम सञ्चालन भइ रहेको अवगत नै छ। तसर्थ यस स्थानीय तह अन्तर्गत आ व २०७८/७९ का लागि यही फागुन मसान्त भित्र सम्पुर्ण बेरोजगार व्यक्तिहरुलाई आफु स्थायी बसोबास गरेको वडाको वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागि तपशिल बमोजिमको कागजात सहित वडा कार्यालयबाट प्राप्त बेरोजगार फारम **पूर्ण रुपमा भरी** फारम पेश गर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

**आवश्यक कागजातहरु:**

१. सम्पूर्ण परिवारका सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपि ।

२. शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३. अशक्तता भएमा अशक्तताको परिचयपत्रको प्रमाणित प्रतिलिपी।

४. कुनै काम गरेको अनुभव भए अनुभवको प्रमाणित प्रतिलिपि ।

५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

६. पासपोर्ट साइजको फोटो १ प्रति।

७. अन्य जिल्लाबाट जारी गरेको नागरिकता भए बसाईंसराईको प्रमाणपत्र ।

८. अन्य जिल्लाबाट जारी गरेको नागरिकता भए (महिलाको हकमा) बिबाह दर्ताको प्रमाणपत्र ।

११/०४

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्ति:

दुर्गेन्द्र कार्की (प्राविधिक सहायक)

भरत चन्द्र तिवारी (रोजगार संयोजक)

फोन नं.: ९८१७९१८२५८/ ९८०३५०१३५८

**नोट: पूर्ण रुपमा नभरिएका फारमहरु स्वत: रद्द हुने व्योहोरा जानकारी गराईन्छ ।**

भरत चन्द्र तिवारी
रोजगार संयोजक

"सक्षम निजामति प्रशासनः विकास, समृद्धि र सुशासन"

"समृद्ध कमल हाम्रो सरोकार"

Email: info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०८१

नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**(प्रधानमन्त्री रोजगार कार्यक्रम)**

सिंहदरबार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np


प.सं. २०७७/७८
च.नं./PMEP/ २५८

मिति : २०७७/१०/२५

श्री गाउँपालिका/नगरपालिका, सबै।

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

विषय : आगामी आ.ब.०७८/७९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम आ.ब. २०७८/०७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने बेरोजगार व्यक्तिले आफु बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा २०७७ फागुन महिनामा निवेदन दिनुपर्ने व्यवस्था अवगत नै छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्युनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउन सहयोग पुर्याउने सोच रहेको छ ।सोही बमोजिम बेरोजगार व्यक्तिको निवेदन संकलन गर्दा व्यक्तिका र निजका परिवारको यथार्थ र सम्पूर्ण विवरण संकलन गरी वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन हुने गरी विवरण संकलनको लागि आवश्यक तयारी कार्य गर्नु हुन मिति २०७७/१०/२२ को निर्णयानुसार (मा.मन्त्रीस्तर) अनुरोध छ।

साथै बेरोजगार व्यक्तिको निवेदन संकलन सम्बन्धमा तपशिलको व्यवस्था तर्फ ध्यानाकर्षण हुन र बेरोजगार व्यक्तिले सूचीकरणको लागि दिनुपर्ने निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (पहिलो संशोधन, २०७७ सहित)को अनुसूची - १ वा https://pmep.gov.np/publication/karyavidhi मा रहेको व्यहोरा समेत अनुरोध छ।

तपशिलः-

(क)यस कार्यक्रम अन्तरगत सञ्चालन हुने न्यूनतम रोजगारीले गरिब तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण दिने उद्देश्य लिएको छ ।

(ख)न्यूनतम रोजगारीमा आवद्ध गर्ने लक्षित वर्ग गरिब तथा समान्य जीवनयापनमा कठिनाई भएका नागरिक रहेकोले वैयक्तिक तथा पारिवारिक विवरणहरु (व्यक्तिगत विवरण, पारिवारिक विवरण, आय आम्दानी तथा अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएका आदी) संकलन गर्दा यथार्थपरक र पूर्ण विवरण संकलन गर्नुपर्ने ।

(ग) न्यूनतम रोजगारी बाहेक रोजगार सेवा केन्द्रबाट प्रदान हुने अन्य रोजगारमूलक सेवा सुविधा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने ।

(घ) गरिबी निवारण, रोजगारी व्यवस्थापन तथा सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने तीनै तहका सरकारको सामूहिक जिम्मेवारी रहेको ।

(ङ) कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी तथा पारदर्शि बनाउन रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) सञ्चालनमा रहेकोले स्थानीय तहबाट भए गरेका रोजगारी व्यवस्थापनसंग सम्बन्धित विवरण EMIS मा नियमित र अनिवार्यरुपमा गर्ने व्यवस्था हुन ।

(किसान न्यौपाने)
शाखा अधिकृत